विशेष अदालत
काठमाडौं
२०५९

**कार्यक्षेत्रमा सकारात्मक सोच र आध्यात्मिकता' विषयक एक दिवसीय प्रवचन कार्यक्रम सम्पन्न**

विशेष अदालतको आयोजनामा मिति २०७९ साल पुष २४ गते आइतबारका दिन **'कार्यक्षेत्रमा सकारात्मक सोच र आध्यात्मिकता'** विषयक एक दिवसीय प्रवचन कार्यक्रम सम्पन्न भएको छ। अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमका प्रमुख वक्ताका रुपमा आचार्य श्री शीतलकृष्ण जी महाराज रहनुभएको थियो। विशेष अदालतका सदस्य माननीय न्यायाधीशहरूको समेत सहभागिता रहेको कार्यक्रममा नेपाली भाषाका प्राध्यापक श्री दीनदयाल रेग्मीले दिव्यता, प्रताव र गुरुकृपाबाट आशीर्वाद प्राप्त विलक्षण प्रतिभाका रुपमा महाराजको प्रशंसा गर्दै स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन रजिस्ट्रार श्री अशोक कुमार क्षेत्रीले गर्नु भएको थियो।

प्रवचनमा आचार्य शीतलकृष्ण जी महाराजले मनुष्य जीवनलाई सञ्चालन गर्न धर्म र सत्सङ्ग अनिवार्य भएको बताउनुभयो। मानिसको स्वरुप, विचार र व्यवहारले मानिस धार्मिक भए/नभएको थाहा हुने भन्दै उहाँले सत्सङ्गले जीवनको परिस्थिति समाधान नगरे पनि व्यक्तिको विचार र मनस्थिति बदल्न तथा धैर्यवान बनाउनमा भने सहयोग गर्ने बताउनुभयो। अध्यात्मका माध्यमबाट व्यक्तिलाई जीवनका कठिन मोडहरूमा समेत सहजता खोज्न सिकाउने भन्दै उहाँले सदाचार र सद्विचार बोकी अगाडि बढेमा मात्रै जीवनमा सफलता प्राप्त गर्ने सकिने बताउनुभयो।

विशेष अदालतका अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलले पूर्वीय दर्शन र अध्यात्मबाट जीवन टाढा रहन नसक्ने बताउनुभयो। सकारात्मक सोच र उर्जाका साथ अगाडि बढ्दा जीवनमा आनन्द महसुश हुने उहाँको भनाई थियो। नेपाली भाषाका प्राध्यापक श्री दीनदयाल रेग्मीले धर्म र अध्यात्मले जीवनमा ज्ञान प्राप्ति हुने र दूर्गुण हट्ने बताउँदै सत्सङ्गले मनोविकार हटाई चित्त शुद्धी गर्ने बताउनुभयो। निरन्तरको ध्यान, त्याग र साधनाबाट मात्रै ज्ञान प्राप्त गर्न सकिने भएकाले जीवनमा सधैं सकारात्मक हुनसमेत उहाँले अनुरोध गर्नुभयो। विशेष अदालतका सदस्य माननीय न्यायाधीश श्री शालिग्राम कोइरालाले अध्यात्म र जीवन एक अर्काका परिपूरक भएकाले धर्म र अध्यात्मकै माध्यमबाट शान्तपूर्वक जीवन जिउँन सकिने बताउनुभयो। उहाँले प्रवचनबाट सिकेका कुराहरूलाई कार्य व्यवहारमा उतार्नसमेत सबैमा आग्रह गर्दै कार्यक्रम समापन गर्नु भएको थियो।

मिति : २०७९।९।२६

दिपेन्द्रनाथ योगी
प्रवक्ता


passion
SAFE HANDS
passion


2-RING BINDER


passion


हार्दिक स्वागत गर्दछौं।
विशेष
passion
The lifetime tissue
वि.अ.जि.स्वा.पा.नं.-२२/२ ०७९/८०


विशेष अदालतमा पाल्नुभएका आचार्य श्री शितलकृष्ण जी
महाराजलाई विशेष अदालतमा
हार्दिक स्वागत गर्दछौं।
विशेष अदालत परिवार


विशेष अदालतमा पाल्नुभएका आचार्य श्री शितलकृष्ण जी
महाराजलाई विशेष अदालतमा
हार्दिक स्वागत गर्दछौं।



आचार्य श्री शितलकृष्ण जी
अदालतमा
गर्दछौं।
विशेष अदालत परिवार
विशेष अदा
passion
passion


विशेष अदालतमा पाल्नुभएका आचार्य श्री शितलकृष्ण जी
महाराजलाई विशेष अदालतमा
हार्दिक स्वागत गर्दछौं।
मिति २०७९।०९।२४ गते
परिवार
विशेष अदालत काठमाडौं
२०५९
SPECIAL COURT KATH
2059
passion



